आ.व. ०७९।०८०
वैठकः- नगर कार्यपालिका वैठक
अध्यक्षताः- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

Tansen Municipality
Tansen, Palpa
Lumbini Province, Nepal
2073

वैठक नं. ०५।०७९।०८०
मितिः-२०७९।०८।०२८ गते
स्थानः- ता.न.पा सभाहल
समयः- विहान ८.०० बजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

**उपस्थिति**

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |
| | श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| | श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| | श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| | श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| | श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| | श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |

Tansen Municipality
Tansen, Palpa
Lumbini Province, Nepal

| | | | |
|---|---|---|---|
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री जीवन ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |
| श्री धन बु. विष्ट | वा. वा. वडाअध्यक्ष | ता.न.पा.१० | (आमन्त्रीत) |

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

**निर्णय नं. १**

तानसेन नगरपालिकामा विश्व बैंकको सहयोगमा संचालनको क्रममा रहेको नेपाल शहरी शासकीय तथा पूर्वाधार विकास आयोजना (NUGIP)अन्तर्गत थप योजनाको सम्भाव्यता अध्ययन गर्ने देहाएका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

- वतासेडाँडा-चण्डीभन्ज्याङ्ग-राजुवास-जोर्ते सडक
- भालेवास-छाप-पिपलडाँडा-तिनाउ सडक
- प्रभास-बाघखोर-सिरसिरे-पक्लुवा-कुन्सरे-तिवारीडाँडा-रिह्यावसेन्टर-शसस्त्र क्याम्प निस्कने सडक

**निर्णय नं. २**

नव प्रवर्द्धनात्मक साझेदारी विकास कोष (Innovative Partnirship fund) तर्फ **स्थानीय आर्थिक विकासको लागि पर्यटन प्रवर्द्धन परियोजना** को लागि कुल लागतको ३० प्रतिशत साझेदारी गर्ने र उक्त कार्यक्रम कार्यान्वयनको लागि निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

**निम्न :**

| | |
|---|---|
| श्री नगर उपप्रमुख | संयोजक |
| श्री आर्थिक विकास समिति संयोजक | सदस्य |
| श्री सामाजिक विकास समिति संयोजक | सदस्य |
| श्री प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| श्री योजना शाखा प्रमुख | सदस्य |
| श्री पुर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| श्री आर्थिक विकास शाखा प्रमुख | सदस्य |
| श्री सूचना प्रविधि शाखा प्रमुख | सदस्य |
| श्री सामाजिक विकास शाखा शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं. ३**

तानसेन नगरपालिकाको स्थानीय भू-उपयोग परिषद्को मिति २०७९।८।२३ गते वसेको वैठकको निर्णय अनुमोदन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

तानसेन नगरपालिका वडा नं. ९ स्थित श्री दमकडा मा.वि.को भवन निर्माण (लाईव्रेरी तथा क्यान्टीन) दोश्रो फेजको ठेक्का आव्हान भई निर्माण गर्ने क्रममा प्रयोग हुने फर्मा (Form Work)• छुट हुन गएकोले उक्त फर्मा (Form Work) सोही निर्माण कार्यमा प्रयोग गर्नका लागि भेरिएसन गर्नुपर्ने भएका हुँदा प्राविधिक नापजाँच र प्रतिवेदनका आधारमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ को उपदफा १ को खण्ड (ङ) वमोजिम हुनेगरी भेरिएसन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

**देहाय:**

| विवरण | सुरुको लागत रकम | संशोधित लागत रकम | सुरुको सम्झौताको रकम | कायम सम्झौता रकम |
|---|---|---|---|---|
| जम्मा रकम | १८९८०१२३।७२ | १९२०१९५०।१७ | १४१२९३८२।४२ | १४०३०१७८।७७ |
| भ्याट १३ प्रतिशत | २४६७४१६।०८ | २४९६२५३।५२ | १८३६८१९।७१ | १८२३९२३।२४ |
| कन्टिन्जेन्सी तथा मर्मत ५ प्रतिशत | ९४९००६।१९ | ९६००९७।५१ | ७०६४६९।१२ | ७०१५०८।९४ |
| कुल जम्मा | २२३९६५४६।०० | २२६५८३०१।२० | १६६७२६७१।२० | १६५५५६११।०० |
| भेरीयसन रकम | २६१७५५।२०(बढी) | | ११७०६०।२०(घटी) | |

| | | |
|---|---|---|
| भ्याट १३ प्रतिशत | ३४०२८।१८ | १५२१७।८३ |
| कन्टिन्जेन्सी तथा मर्मत ५ प्रतिशत | १३०८७।७६ | ५८५३।०१ |
| भेरीयसन कुल रकम | ३०८८७।१४ | १३८१३१।०४ |
| भेरीयसन प्रतिशत | ११३८ प्रतिशत(बढी) | ०।८३ प्रतिशत(घटि) |

**निर्णय नं. ५**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १४ बमोजिम खेलकुद सम्वन्धी काम कारवाहीलाई व्यवस्थित गर्न देहाय अनुसारको २४ सदस्यीय नगरस्तरीय खेलकुद विकास समिति गठन गर्ने निर्णय गरियो ।

समिति

| | | | |
|---|---|---|---|
| १ | अध्यक्ष | हेमन्त राज शाक्य | वडा अध्यक्ष - ४ |
| २ | सदस्य | पूर्णराज शाक्य | तानसेन - ३ |
| ३ | सदस्य | अच्युत खनाल | तानसेन - १ |
| ४ | सदस्य | प्रज्वल प्रसाद उदय | तानसेन - २ |
| ५ | सदस्य | श्रृष्टि रासकोटी | तानसेन - ४ |
| ६ | सदस्य | मनिस रावल | तानसेन - ५ |
| ७ | सदस्य | सुदर्शन लाल शाक्य | तानसेन - ६ |
| ८ | सदस्य | सन्तोष बलाल | तानसेन - ७ |
| ९ | सदस्य | पदम बहादुर राना | तानसेन - ८ |
| १० | सदस्य | अमृत राना | तानसेन - ९ |
| ११ | सदस्य | छविलाल थापा | तानसेन - ११ |
| १२ | सदस्य | पशुपती के.सी. | तानसेन - १२ |
| १३ | सदस्य | सिता रासकोटी | तानसेन - ५ |
| १४ | सदस्य | निरांजन विक्रम कार्की | तानसेन - ११ |
| १५ | सदस्य | गोविन्द पाण्डे | तानसेन - ६ |
| १६ | सदस्य | जित बहादुर चोहान | तानसेन - १३ |
| १७ | सदस्य | मिलन मल्ल | तानसेन - १० |
| १८ | सदस्य | प्रविन राना | तानसेन - १४ |
| १९ | पदेन सदस्य | प्रणय विरजंग राणा | पाल्पा जिल्ला फुटवल संघ |
| २० | पदेन सदस्य | बसन्तलाल बज्राचार्य | पाल्पा जिल्ला व्याडमिण्टन संघ |
| २१ | पदेन सदस्य | राजेश श्रेष्ठ | पाल्पा जिल्ला क्रिकेट संघ |
| २२ | पदेन सदस्य | सुरज थापा | आई.टि.एफ. संघ |
| २३ | पदेन सदस्य | कृष्ण आले | भलिवल संघ |
| २४ | सदस्य सचिव | शाखा प्रमुख | शिक्षा युवा तथा खेलकुद शाखा |

नगर प्रमुख

नगर प्रमुख

**निर्णय नं. ६**

तानसेन नगरपालिकाको न्यायिक समितिको वैकल्पिक सदस्यको रुपमा तानसेन नगरपालिकाको कार्यपालिका सदस्य श्री मञ्जु वि.क.लाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

अन्य जिल्ला तथा पालिकाबाट "घ" वर्गको ईजाजत पत्र लिई संचालनमा रहेका "घ" वर्गको इजाजत प्राप्त फर्महरुले पाल्पा जिल्ला तानसेन नगरपालिकामा फर्म ठाउँसारी गरी पाउँ भनि निवेदन दिएकोमा तानसेन नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सिफारिस समितिको मिति २०७९ साल मंसीर २५ गते बसेको बैठकबाट ठाउँसारीको लागि सिफारिस भई आएकोले "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४ को व्यवस्था बमोजिम देहायका फर्मको ठेगाना परिवर्तन गरी ठाउँसारी गर्न स्वीकृत दिने निर्णय गरियो ।

क. (१) फर्मको नामः उमा कन्स्ट्रक्सन सप्लायर्स एण्ड ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.
(२) प्रोपराइटरः शंकर राजपूत
(३) फर्मको ठेगानाः चौरीदेउराली गाउपालिका वडा नं. ९ काभ्रेप्लाञ्चोक
(४) अब कायम हुने ठेगानाः तानसेन नगरपालिका वडा नं. ३, पाल्पा

ख. (१) फर्मको नामः कान्ति एण्ड आशिका कन्स्ट्रक्सन प्रा.लि.
(२) प्रोपराइटरः मिन बहादुर राना
(३) फर्मको ठेगानाः काठमाण्डौ महानगरपालिका वडा नं. ८ काठमाडौ
(४) अब कायम हुने ठेगानाः तानसेन नगरपालिका वडा नं. १ पाल्पा

(ग) (१) फर्मको नामः जलब्रम्हा ईन्जिनियरिङ्ग फर्म प्रा.लि.
(२) प्रोपराइटरः लेंख बहादुर खत्री क्षेत्री
(३) फर्मको ठेगानाः काठमाण्डौ महानगरपालिका वडा नं. ८ काठमाण्डौ
(४) अब कायम हुने ठेगानाः तानसेन नगरपालिका वडा नं. १ पाल्पा

**निर्णय नं. ८**

तानसेन नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

तानसेन नगरपालिका वडा नं. ३ होलाङ्गदीमा संचालन हुने मिलनसार कृषि उपज थोक सङकलन केन्द्रलाई कृषि उपज संकलन, प्रशोधन, ब्राण्डिङ्ग तथा बजारीकरण गर्न सक्नेगरी आवस्यक पूर्वाधार सहित स्तरोन्नती गर्ने र नगरपालिकाबाट म्याचिङ्ग गर्नुपर्ने कूल रकमको २० प्रतिशत लागत वेहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

राष्टिय भूमि आयोगकोगबाट विभिन्न मितिमा प्रकाशीत सूचना बमोजिम तानसेन नगरपालिकाबाट नगर क्षेत्र भित्रका भूमिहीन दलित, भूमिहीन सुकम्वासी र अव्यवस्थित वसोबासीको लगत संकलन गरी हाल भूमि आयोगको सूचना प्रणालीमा प्रविष्टी भैरहेकोमा सम्वन्धित लाभग्राहीलाई छिटो सेवा प्रवाह गर्न प्रविष्टी सम्पन्नताको आधारमा वडागत रुपमा सूचना जारी गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । साथै आयोगको सूचना प्रणालीमा प्रविष्टी गर्ने कार्य तत्काल सम्पन्न गर्नको लागि सम्वन्धित क्षेत्रमा दक्षता भएका थप जनशक्तिको व्यवस्था गरी परिचालन गर्ने तथा यस कार्यको समन्वय र सहजिकरणको लागि

नगर प्रमुख

यसमा तालिम प्राप्त सू.प्र.अ. प्रकाश गैरे र क.अ. नारायण पाण्डेलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

टुरिजम पर्मोशन अर्गनाइजेशन फर एशिया प्यासिफ सिटिज (TPO) को सन २०२२ को लागि बुझाउनु पर्ने सदस्यता शुल्क बापतको रकम पठाउने निर्णय गरियो ।

**निर्णय नं. १२**

लुम्बिनी प्रदेश सरकारबाट संचालित ७० वर्ष माथिका नागरिकहरुलाई घर घरमै गई स्वास्थ्य सेवा प्रदान गर्ने कार्यक्रम विगत ४ वर्ष देखी यस नगरपालिका अन्तर्गत वडा नं. ९ देखी १४ मा संचालन भइ सकेकोमा बजार क्षेत्रमा हाल सो सेवा संचालन नभएकोले यस आ.व.को उक्त सेवा वडा नं. १ देखी ६ सम्मका वडाहरुमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्राविधिक कर्मचारीको हकमा कार्यालय समयमा तोकिएको योजना सम्पन्न गर्न नसकिने हुनाले अतिरिक्त कार्य गर्नु पर्ने भएकोले तपशिल दरमा फिल्ड भत्ता प्रति महिना दिने निर्णय गरियो :

१.इन्जिनियर(अधिकृत स्तर ) -७०००

२.सब- इन्जिनियर(सहायक पाचौ) -६५००

३.अ.सब इन्जिनियर,(चौथो स्तर) -६०००

३.अमिन (चौथो स्तर) -६०००

**निर्णय नं. १४**

मिति २०७९/०३/२८ को कार्यपालिका बैठकको निर्णय नम्बर ७ अनुसार इन्धन तर्फ अ.सब इन्जिनियर र सब- इन्जिनियरलाइ मासिक ७ (सात) लिटर थप ३ लिटर गरि १० लिटर दिने भएकोमा अतिरिक्त समय कार्य गर्नु पर्ने भएकाले पौष महिना देखि थप ३ लिटर गरि जम्मा १३ लिटर प्रति महिना दिने निर्णय गरियो/

**निर्णय नं. १५**

तानसेन नगरपालिकाको लागि आवश्यक निम्नानुसारको प्राविधिक कर्मचारीहरु करारमा नियुक्ती प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

(क) सब-इन्जिनियर ३ जना

(ख) अमिन १ जना

**निर्णय नं. १६**

कालीगण्डकी करिडोर सडक आयोजनाबाट तानसेन नगरपालिका वडा नं. १३, छेर्लुङ्ग सप्लक घाटबाट २५० घन मिटर नदीजन्य पदार्थ निर्माण व्यवसायीको लागि माग भएकोमा नियमानुसारको राजश्व लिई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १७**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल काठमाण्डौंबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत दोहोरो नपर्ने गरी विकास निर्माणका योजना तथा कार्यक्रम छनोट एवं बजेट विनियोजन विषयक सुझाव कार्यान्वयन साथै सडक डिभिजन कार्यालय पाल्पाबाट शाखा सडक विस्तार गर्दा सम्बन्धित डिभिजन सडक कार्यालयको स्वीकृति लिने विषयक पत्रको बारेमा बैठकमा जानकारी भयो ।

**निर्णय नं. १८**

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

निर्णय नं.: १८

तानसेन नगरपालिका वडा नं. १३ स्थित रानीमहल दरवार परिसरमा रगरोगन तथा Water Proffing गर्ने कार्यको लागि ता.न.पा.को नगर प्रवर्द्धनात्मक कार्यक्रम रानीमहल पूर्वाधार विकास कार्यक्रम शिर्षकवाट रु. ४ (चार) लाख र तानसेन नगरपालिका भित्रका सडकको खाल्टाखुल्टी मर्मत गर्न मर्मत सम्भार कोष शिर्षकवाट रु . १ (एक) लाख विनियोजन गर्ने निर्णय गरियो ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख